विचार

समालोचक साहित्यको त्यो प्रहरी हो, जो लेखकलाई चुनौती दिन पत्रिकाको कुनामा बसेको हुन्छ।
– लोकफेलो

सोधपुछविना कुनै रचनाप्रति दोष लगाउनुहुँदैन।
– राजशेखर

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

विपद्को लागि पूर्वतयारी अपनाऊ

प्राकृतिक विपत्ति कहाँ र कति बेला हुन्छ भन्न सकिन्न । प्राकृतिक विपत्ति जहाँ जति बेला पनि हुन सक्छ । प्राकृतिक विपत्ति रोक्न सकिँदैन । तर प्राकृतिक विपत्तिबाट हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न भने सकिन्छ । देशभित्र हरेक वर्षाको समयमा डुबान र बाढीपहिरो को कारण नागरिकहरूको मृत्यु र विस्थापित हुने गरेको छ । पहाडमा बाढीपहिरो र तराई क्षेत्रमा डुबानको समस्या वर्षौंदेखि चल्दै आएको छ । वर्षा लागेपछि पहाडमा बाढीपहिरो आउने र तराईका क्षेत्रमा डुबान हुने समस्या निकै लामो समयदेखिको हो । जब प्राकृतिक विपत्ति आउँछ तब मात्र सरकारले चासो दिने गरेको छ । रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै राम्रो भनेझैँ सरकारले प्राकृतिक कारणले हुन सक्ने विपत्तिलाई रोक्ने तिर पर्याप्त ध्यान दिएको पाइँदैन ।

अहिले पनि विनाशकारी भूकम्पको कारण भूकम्प प्रभावित जिल्लाहरूमा उच्च जोखिममा दर्जनौँ बस्तीहरू रहेका छन् । ती बस्तीमा रहेका नागकिरहरूलाई समयमा नै स्थानान्तरण गर्ने हो भने नागरिकहरूको ज्यान बचाउन सकिन्छ । तराईका क्षेत्रहरूमा पनि बर्सेनी डुबान हुने र हजारौँ नागरिक विस्थापित हुने समस्या दोहोरिँदै आएको छ । सरकारले पहाडमा देखिएको बाढीपहिरोको रोकथामको लागि प्रभावकारीरूपमा काम गर्नुपर्छ । त्यसै गरी तराईमा हुने डुबान रोक्नेतर्फ ध्यान दिनुपर्छ । विपत्तिपछि राहत लिएर जाने भन्दा नागरिकहरूलाई जोखिमयुक्त बस्तीबाट स्थानान्तरण गर्नेतर्फ बढी ध्यान दिनुपर्छ । नदी तथा खोला किनाराका बस्ती निकै जोखिमपूर्ण मानिन्छन् । ती बस्तीलाई सरकारले मापदण्ड बनाएर मात्र राख्ने व्यवस्था गर्नुपर्छ । जथाभावी घर तथा बस्ती निर्माणले क्षति हुँदा त्यसको बोझ राज्यमाथि नै पर्ने गरेको छ ।

बस्ती कहाँ बनाउने, कस्तो बनाउने भन्ने विषययमा सरकारले अहिलेसम्म प्रभावकारी नीति अगाडि सार्न सकेको छैन । नगरपालिकाहरूमा घर निर्माण गर्दा मापदण्ड लागू गरे पनि गाउँपालिकाहरूमा भने अहिले पनि मनलाग्दी ढंगले घर निर्माण भइरहेका छन् । सुरक्षित बस्ती निर्माण गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ । अविरल वर्षाको कारण दुई दिनको अवधिमा नै एक दर्जनभन्दा बढी नागरिकको निधन भयो । जुन विषय निकै दुःखद हो । बर्सेनी यस्ता प्राकृतिक विपत्तिहरू रोक्नको लागि सरकारले नीतिगतरूपमा नै सुधार गर्नुपर्ने खाँचो छ । अहिले पनि धेरै बस्तीहरू वर्षाको कारण उच्च जोखिममा रहेका छन् । ती बस्तीलाई स्थानान्तरण गरेर भए पनि नागरिकहरूलाई बचाउनुपर्छ । साथै सरकारले वर्षाको कारण ज्यान गुमाएका परिवारहरूलाई उचित राहत उपलब्ध गराउनुपर्छ ।

लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

संघीयताको जगमा समृद्धि

पविता मुडभरी पुडासैनी

संघीयता आर्थिक, सामाजिक र राजनीतिक असमानतालाई बढार्न ल्याइएको राजनीतिक प्रणाली हो। संघीयता कार्यान्वयनको शुभारम्भमै राजनीतिक स्थायित्वको बलियो जग बसिसकेको वर्तमान अवस्थामा सरकारबाट स्थानीय तहदेखि केन्द्रसम्म अधिकारको बाँडफाँड र रकमको औचित्यपूर्ण विनियोजनको स्पष्ट खाका आउनुपर्थ्यो। तर संघीयताको मर्म विपरीत सांसद विकास कार्यक्रमका नाउँमा राज्यले धान्न नसक्ने गरी अनावश्यक बजेट छुट्याइनु विकास निर्माणभन्दा निर्वाचन क्षेत्रमा भोट बैंक खडा गर्ने परम्पराको निरन्तरता भन्दै चौतर्फी विरोध भइरहँदा पनि सांसदहरू आफ्नै तजबिजमा खर्च गर्न बन्देज लगाएको भन्दै असन्तुष्टि जनाइरहेका छन्। बलियो सरकार र विश्वस्त नेतृत्वबाट राजनीतिक अन्योल र अस्थिरता अन्त्य भई अब साँच्चै स्पष्ट योजना र कार्यक्रम आउँछन्, वर्षौंदेखि अलपत्र आयोजनाहरू तत्काल कार्यान्वयनमा गई विकासले गति लिन्छ, साथै सामाजिक विकृति, कुशासन र भ्रष्टाचारको समुल अन्त्य भई विकास र समृद्धि स्थानीय तहको जरोकिला समाउँदै जुर्मुराउनेमा आमनागरिक अझै आशावादी छन्। स-साना कामका लागि पनि केन्द्रकै मुख ताक्नुपर्ने समस्याको निराकरणका लागि पुराना संरचना भंग गरी नयाँ राजनीतिक प्रणालीमा गइसकेपछि पनि सांसद विकास कार्यक्रमलाई निरन्तरता दिने हो भने स्थानीय सरकारको काम र अस्तित्व के भन्ने प्रश्न उब्जिएको छ। २०५२ सालदेखि सांसदलाई दिइँदै आएको बजेट चरम दुरूपयोग भइरहेको कुरा बारम्बार बाहिर आइरहेको अवस्थामा मुलुक संघीयतामा गइसक्दा र अहिले एकमुष्ट रकम स्थानीय तहमा जाने व्यवस्था हुँदाहुँदै फेरि सो बजेट सांसद विकास कार्यक्रमका नाउँमा किन निकासा भयो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। सांसदलाई बजेट दिने परिपाटीले आफ्नो स्वार्थ अनुकूल काम गर्ने र बजेटको व्यापक दुरूपयोग गर्ने कार्य भइरहेको कुरा जगजाहेर छ। स्थानीय सरकारको गठनसँगै आफ्नो क्षेत्रको विकास आफैं गर्ने हो भन्ने भावनाका विकाससँगै संघीयता कार्यान्वयनको प्रमुख चरण नै सही बजेट विनियोजन हो। संघीय व्यवस्थाको सैद्धान्तिक पाटोलाई बजेटले सम्बोधन गर्न नसक्नुको परिणति वर्तमान राजनीतिक प्रणाली कता जाने हो भन्ने संसय पैदा भएको छ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम निर्वाचन क्षेत्र विकासका लागि सांसदलाई पनि संलग्न गराउने विगतका राजनीतिक प्रणालीले अवलम्बन गरेको एउटा पाटो हो तर अब देश संघीयतामा गइसकेपछि संघ, प्रदेश र स्थानीय तहसमेतको संलग्नतामा साझेदारी कार्यक्रमका रूपमा र सबै निर्वाचन क्षेत्रमा कार्यक्रम तथा आयोजना परुन् भन्ने उदेश्यले यो कार्यक्रम ल्याइएको अर्थमन्त्री युवराज खतिवडाले बताए पनि यसलाई आमनागरिकले रुचाएका छैनन्। अर्थमन्त्रीले आफू बाध्यतामा परेर सांसद विकास कार्यक्रम बजेटमा समावेश गरेको बताए पनि संविधानले संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य भनेअनुसार १६५ वटै निर्वाचन क्षेत्रमा केही पूर्वाधारका आयोजना संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन होस्, बजेटको वितरण पनि समन्यायिक होस् र प्रत्येक प्रदेश र स्थानीय तहमा सन्तुलित ढंगले पूर्वाधार विकास होस् भनेर यो कार्यक्रम आएको जिकिर अर्थमन्त्रीको छ।

संघीयता कार्यान्वयनको लागि प्रथमतः वित्तीय व्यवस्थापन जरुरी छ। संसद्का पदाधिकारी र सांसद जिम्मेवार र जवाफदेही हुन नसक्दा संसद्ले गर्नुपर्ने कानुनी र नीतिगत काम प्रभावित भइरहेको छ भने केन्द्रबाट कानुन बनिनसक्दा प्रदेश र स्थानीय सरकार अलमल्लमा छन्। अझ संघीय र प्रादेशिक सरकारका कतिपय विकासे आयोजनाहरू द्विविधात्मक पनि देखिएका छन्। प्रधानमन्त्री केपी ओलीले केही दिनअघि मात्र दक्षिणतर्फबाट नेपालमा रेलको थुतुनो मात्र घुसार्ने होइन पूर्व-पश्चिम, उत्तर-दक्षिण रेलमार्गको काम अघि बढाइने बताएका छन्। रेल र पानीजहाजको सपना पूरा गर्नुभन्दा पहिले सर्वसाधारणका आधारभूत आवश्यकताको सम्बोधन हुनुपर्छ। यसका लागि सबै निर्वाचन क्षेत्रमा आधारभूत विकासका योजना तथा कार्यक्रम अगाडि आउनुपर्छ। नेतृत्व पंक्तिबाट आफ्नो आवश्यकता, चाहना र हैसियत हेरेर होइन विकट ग्रामीण समाजका नागरिकको अप्ठ्यारा-मर्काको पहिले सम्बोधन हुनुपर्छ। आफ्नो नेतृत्वको सरकारलाई शासन गर्न नभई जनताको सेवा गर्न बनेको बताउने प्रधानमन्त्रीले बजेट भाषणलगत्तै हवात्तै बढेको बजारभाउ र यसले सामान्य आर्थिक अवस्था भएका जनताको हात-मुख जोर्ने समस्याको सम्बोधनप्रति चासो देखाएका छैनन्। बर्सेनिको बजेट भाषण महँगीको पर्यायजस्तै बनेको छ। बजेटमा बढाइने करसँगै हरेक वस्तुको भाउ हवात्तै बढ्ने गरे पनि सरकारबाट नियन्त्रणको प्रभावकारी पहल भएको पाइँदैन। संघीयतामा तलैदेखि विकासको जग शुरू हुन्छ, साधन-स्रोतको अधिक परिचालन हुन्छ र संघीयताले समृद्धि ल्याउँछ भन्ने भावनाको विपरीत अर्थात् संघीयताको मर्म विपरीत विकासको जग नबसालीकनै आकाशे समृद्धिका यात्रामा देखिएका छन् वर्तमान प्रधानमन्त्री। अझ पैसा नभए पनि विकासका योजना अगाडि सार्न प्रदेश सरकारलाई आग्रह गर्दै विदेशबाट ऋण ल्याएर भए पनि विकास अघि बढाइने बताएका छन्। कम्युनिस्ट नेतृत्व र संसदीय अभ्यासको विरोधाभासका बीच मुलुकलाई विकास र समृद्धिको यात्रामा धकेलिँदै छ। सिद्धान्ततः सामाजिक समानता, उत्पादनमा समान वितरण हुँदै समृद्धितर्फ हुइँकिनुपर्नेमा सबैको सहयोगबाट मात्र मुलुकको विकास गर्ने लक्ष्यसहित अघि बढेको वर्तमान सरकार खुल्ला चुनावी प्रतिस्पर्धाबाट कम्युनिस्ट सत्ता स्थापित गर्ने कसरतमा देखिए पनि उत्पादनमुखी विकाससँगै सामाजिक न्याय र सुरक्षाको प्रत्याभूतितर्फ सरकारको ध्यान केन्द्रित भएको छैन। असमानता र विषम विकासका विरुद्ध जुट्नुभन्दा सतही र प्रचारात्मक विकासको रफ्तारमा सरकार हुइँकिदै छ। उत्पादनका साधनमाथि श्रमिक र कृषकवर्गको स्वामित्व स्थापना तथा वितरण प्रणालीमा समानताको नीति अवलम्बन गर्ने र सबै खाले विभेद र उत्पीडन अन्त्य गर्ने विषय सरकारका लागि गौण बनिसकेको छ।

नेपालको समृद्धि रेल, पानीजहाज र ग्यास पाइपमा मात्र लुकेको छैन। शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रमा व्यापक सुधारका साथै सामाजिक, सांस्कृतिक र धार्मिक प्रथा र प्रचलनमा सुधारका लागि उत्तिकै अग्रगामी पाइला चाल्नु जरुरी छ। हाम्रा धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धनतर्फ पनि कम्युनिस्ट सरकारको ध्यान जानुपर्छ। मन्दिरै मन्दिरको शहर मानिने काडमाडौं उपत्यकालगायत अन्य क्षेत्रमा रहेका मठ-मन्दिरमा समेत बर्सेनि लाखौं विदेशी तीर्थयात्रीको आगमन हुने गरेको छ। ती तीर्थयात्रीले तीर्थाटनदेखि दर्शनसम्मका क्रममा थुप्रै समस्या भोगिरहेका हुन सक्छन्। यसरी अर्को मुलुकबाट आउने तीर्थयात्रीले भोग्नुपर्ने समस्या भनेको शौचालय तथा पानीको राम्रो व्यवस्था नहुनु र छिटोछरिटो र सहज ढंगले मठ-मन्दिरको दर्शन गर्ने व्यवस्था नहुनु हो। धर्मलाई अफिम मान्ने कम्युनिस्ट सरकारलाई यो विषय गौण लाग्ला अर्थात् यो पाटो कम्युनिस्ट सरकारको राष्ट्रिय समृद्धिको सूचीभित्र नपर्ला वा तिनले सामान्य नागरिक वा अन्य तीर्थयात्रीले झैं तीर्थाटनका समस्या भोग्नु नपरेकै कारण यसलाई सामान्य विषयका रूपमा लिई संघीय संसद्ले हेर्न, बुझ्न र विकास गर्न आवश्यक नदेख्ला। तर देश संघीयतामा गइसकेको अवस्थामा हाम्रा हरेक धार्मिक स्थलहरूको संरक्षण र सुधार गर्दै देशी-विदेशी तीर्थयात्रीको संख्या बढाउने र सहज वातावरण निर्माण गरिदिने दायित्व सरकारले बहन गर्न आवश्यक छ। तीर्थाटनका दृष्टिले नेपाली र भारतीयबीच गहिरो सम्बन्ध र सद्भाव रहेको र एक-अर्को देशमा निर्बाध आवतजावत परम्परादेखि कायम रहेकाले यसलाई अझ सहज र व्यवस्थित गर्ने कार्यको थालनी हाम्रो वर्तमान सरकारले नै किन नगर्ने ? नेपालमा टिर्थाटनका लागि आउने भारतीय नागरिकहरू पशुपतिनाथ लगायतका मन्दिरको दर्शनका क्रममा लामो समय लाइनमा बस्नुपर्ने अवस्था आउँदा नेपालीसँग विवाद गर्ने, दर्शनका लागि जबरजस्ती गर्ने, झैंझगडा गर्ने, अपशब्द प्रयोग गर्ने र लाइनबेगर हुलहुज्जत गरी दर्शनका लागि अघि बढ्ने दुष्कार्यले तीर्थाटनलाई निरस बनाएका घटना बढिरहेका छन्। यहाँ तीर्थाटनका लागि हिन्दू मात्र नभई बौद्धधर्मावलम्बीसमेत उत्तिकै आउने गर्छन्। तिनलाई आगमन, दर्शन तथा बसोवासको सहज र सम्मानजनक व्यवस्थाप्रति सरकारको प्रभावकारी नीति, सहयोग, निर्देशन जरुरी भएको छ।

आवधिक निर्वाचनदेखि नै एक बनेको नयाँ नेपाल कम्युनिस्ट पार्टीले मार्क्सवाद लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मानेको छ। बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली अपनाउने र अर्थतन्त्रमा पनि राज्य र निजी क्षेत्रको भूमिका छ भन्ने कम्युनिस्टकै भनाइबाट निजी क्षेत्र भने त्रसित छ। स्थापनाकालको सात दशकपछि स्पष्ट बहुमतका साथ सत्तामा आएको कम्युनिस्ट पार्टीसँग जनताका अपेक्षा बढी भए पनि मार्क्सवादका नाउँमा राजनीतिक प्रणाली र अर्थतन्त्रको मजबुतीभन्दा सपनाको व्यापार ज्यादा भएको अनुभूति बढ्दै छ। नेपालमा मार्क्सवादीहरूको जीवनशैली कस्तो छ, यो सबैसामु प्रस्ट छ। तिनका रबाफ र जीवनशैलीले तिनलाई मार्क्सवादी कसरी भन्ने ? उच्च तहका नेताहरू नै अर्बौं-खर्बौं भ्रष्टाचार भएको भन्दै एक-अर्कालाई दोषारोपण गरिरहन्छन् र फुट्छन् पनि। विश्वका धनाढ्य अर्बपति व्यापारी तथा सेलिब्रेटीहरू आफ्नो सम्पत्ति सन्तानलाई हस्तान्तरण गर्नुभन्दा अरूलाई दान दिन चाहन्छन्। अरूकै बालबालिकाको शिक्षा, स्वास्थ्य र भरणपोषणमा खर्च गर्ने तिनले बताएका छन् तर हाम्रा कम्युनिस्टहरूको धनसम्पत्ति, जीवनशैली र तडकभडक हेर्दा कम्युनिस्ट आन्दोलनमा सिद्धान्त हाबी भएको तर व्यवहार भने किनारा लाग्दै गएको देखिन्छ। अथाह सम्पत्तिका मालिक हाम्रा अनगिन्ती कम्युनिस्ट नेताहरूले राष्ट्रिय निर्माण र समृद्धिका खातिर आफ्नो सम्पत्ति खर्चेको उदाहरण खोई ? ट्याङ्कीमा पैसा लुकाउनेदेखि भ्रमणका समयमा सडक खालि गराई जनतालाई दुःख दिने प्रवृत्तिले कम्युनिस्टको बदनाम हुँदै गएको छ। यस्तो अवस्थामा समाजमा शोषण र विभेद हटेर समाजवाद लागू हुनेमा कसरी विश्वस्त हुने ? विचार र बहसमा मात्र बाँचेका कम्युनिस्टहरू राजनीतिक प्रणालीमा आफैं टिक्न नसक्ने प्रमाण यो भन्दा बढी के हुन सक्छ ?

> हाम्रा कम्युनिस्टहरुको धनसम्पत्ति, जीवनशैली र तडकभडक हेर्दा कम्युनिस्ट आन्दोलनमा सिद्धान्त हाबी भएको तर व्यवहार भने किनारा लाग्दै गएको देखिन्छ। अथाह सम्पत्तिका मालिक हाम्रा अनगिन्ती कम्युनिस्ट नेताहरुले राष्ट्रिय निर्माण र समृद्धिका खातिर आफ्नो सम्पत्ति खर्चेको उदाहरण खोई ? ट्याङ्कीमा पैसा लुकाउनेदेखि भ्रमणका समयमा सडक खालि गराई जनतालाई दुःख दिने प्रवृत्तिले कम्युनिस्टको बदनाम हुँदै गएको छ।

पाठक पत्र

युवा नै हो देश बनाउने

युवाशक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो। युवावर्ग राज्यको अग्रसर स्रोत र परिवर्तनको वाहक शक्ति पनि हो। तर बाल्यकाल नै शारीरिक तथा मानसिकरूपमा अस्वस्थ भयो भने देशले स्वास्थ्य युवाहरू प्राप्त गर्न सक्दैन। त्यसैले योग्यतम युवाहरूको निर्माणका लागि बाल्यावस्थामै उचित कदम चाल्नु अहिलेको आवश्यकता हो।

बालबालिका र युवामा सकारात्मक सोचको विकास गरी सामाजिक परिवर्तनमा सहभागी गराउँदै दायित्वबोध एवम् कर्तव्यनिष्ठ गराउनुका साथै बालबालिका र युवामा नेतृत्व क्षमताको विकास गर्नु जरुरी छ। युवावर्ग राज्यको अग्रसर स्रोत र परिवर्तनको संवाहक शक्ति पनि हो तर बाल्यकाल नै यदि शारीरिक तथा मानसिकरूपमा स्वस्थ भएन भने युवाहरूमा त्यो स्वस्थता प्राप्त हुँदैन। त्यसैले योग्यतम युवाहरूको निर्माणका लागि बाल्यावस्थामै उचित कदम चाल्नु आज हरेकको आवश्यकता पनि हो।

पछिल्लो समय समाजमा संस्कार, नैतिकताजस्ता कुराहरूको अभावले गर्दा नै समाजका अधिकांश बालबालिका तथा युवाहरू कुलतमा फस्ने गरेको तथा उचित मनोसामाजिक परार्मशको अभावका कारण मनोसामाजिक जस्ता समस्याबाट ग्रस्त हुन पुगेको तथ्यांक छ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०३० सम्म मनोसामाजिक समस्याको विकराल रूप देखिने अनुमान गरिएको हुँदा उक्त समस्यालाई समाधान गर्नका लागि पनि आजदेखि नै बालबालिका तथा युवाहरूको मनोविज्ञान बुझेर काम गर्नुपर्ने अवस्था छ। विद्यालयस्तरबाट नै बालबालिकालाई देशप्रतिको मोह, माया, आफ्नोपन र सानो होस् या ठूलो काम भनेको काम नै हो भनेर बालमस्तिष्कबाट नै बुझाउन हरेक सभ्य नागरिकको दायित्व हो।

समाजलाई आर्थिक तथा सामाजिकरूपमा पनि रूपान्तरण गर्नका लागि बालबालिका तथा युवा जमातलाई विशेष शिक्षा दीक्षाका साथै सकारात्मक तथा रचनात्मक कुराहरू पनि सिकाउन आवश्यक छ। देश संघीयतामा आएसँगै अब स्थानीय सरकारले पनि विशेष बालबालिकाहरूका लागि सहयोग गर्नुपर्ने खालका कार्यक्रमहरू गर्न आवश्यक छ।

- सौरभ नगरकोटी, काठमाडौं, हाल : जापान।

डेंगु रोगको जोखिम र बचावट

औलो रोग नियन्त्रण उन्मुख रहे पनि डेंगु रोगको जोखिम भरतपुरमा बढिरहेको छ। एडिस एजेप्टाई नामको संक्रमित पोथी लामखुट्टेले टोकेमा मानिसलाई डेंगु रोग सर्छ। डेंगु सार्ने लामखुट्टेको प्रकोप भने अझै पनि उस्तै छ। चितवनमा चालू आर्थिक वर्षको जेठ महिनासम्म १ हजार २ सय ९१ जनाको परीक्षणमा ५८ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ, जसमा ३२ जना बिरामीमा डेंगु रोग लागेको पाइएको छ।

विशेष गरी, बर्खाको समय साउनदेखि कात्तिकसम्म डेंगुको उच्च जोखिम हुने समय मानिन्छ। नेपालमा सन् २००४ मा पहिलोपटक चितवनमा डेंगुको संक्रमण देखिएको थियो। त्यसको ६ वर्षपश्चात् अर्थात् सन् २०१० मा यस रोगको महामारी नै फैलिएको थियो, जसमा पाँचजनाको मृत्युसमेत भएको थियो। अहिले डेंगुको संक्रमण ४९ जिल्लामा फैलिसकेको छ। यस वर्ष पनि डेंगु रोगका कारण मकवानपुरबाट चितवन ल्याएर उपचार गराएका एकजनाको मृत्यु भएको थियो।

डेंगु रोगको प्रकोप फैलिँदै गए पनि यस रोगको उपचार हालसम्म पत्ता लागिसकेको छैन। लक्षणअनुसार डाक्टरहरूले उपचार गर्दै आएका छन्। डेंगु रोग लागेमा उच्च ज्वरो आउने, टाउको र आँखाको गेडी दुख्ने, शरीरमा डाबर देखिने, अरूचि बढ्ने, मांसपेशी दुख्ने, पेट गडबडी हुनेजस्ता लक्षण देखिने चिकित्सकहरू बताउँछन्। यो रोगबाट जोगिन लामखुट्टेको टोकाइबाट बच्नु नै एकमात्र उपाय हो।

घरवरपर सफासुग्घर राख्ने, खाडल तथा भाँडामा पानी जम्न नदिने, झुलभित्र सुत्ने, झ्यालढोकामा जाली लगाउने, शरीर ढाकिने गरी कपडा लगाउनेजस्ता प्राथमिक उपाय अपनाएर डेंगुको संक्रमणबाट बच्न सकिन्छ। डेंगु सार्ने लामखुट्टेले प्रायः जमेको सफा पानीमा फुल पार्ने र लार्भा हुर्काउने भएकाले कुनै पनि भाँडामा पानी जम्मा हुन दिनुहुँदैन। सामान्य कुराको होसियारी अपनाउने हो भने डेंगु रोगको जोखिमबाट बच्न सकिन्छ।

डेंगुको संक्रमण बढ्दै गएपछि जनस्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी चितवनका विभिन्न क्षेत्रमा लामखुट्टेको बासस्थान खोजेर लार्भा नष्ट गर्ने अभियान थालेको छ। बर्खा शुरू भएसँगै डेंगु रोगको प्रकोप बढ्न सक्ने भएकाले भरतपुर महानगर, रत्ननगर, खैरहनी, कालिका र राप्ती नगरपालिकामा सचेतनामूलक कार्यक्रमसहित डेंगु सार्ने लामखुट्टेको बासस्थान खोजेर लार्भा र प्युपा नष्ट गर्ने अभियान शुरू भएको छ। महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, टोल विकास प्रतिनिधिसहितको टोली अभियानमा खटिएका छन्।

चितवनमा डेंगुसँगै औलो रोगको उच्च जोखिम रहँदै आएको छ। चितवनसहित तराईका १५ जिल्लामा अझै पनि औलो रोगको जोखिम विद्यमान छ। नेपाललाई सन् २०२६ सम्ममा औलोमुक्त राष्ट्र घोषणा गर्न औलो नियन्त्रणका प्रयासहरू भएका छन्। सन् २०१८ सम्म औलो रोगको संक्रमण ३० प्रतिशतसम्म घटाउने लक्ष्य लिइएको छ। औलो एनोफिलिम जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो। डेंगु र औलोको प्रकृति फरक भए पनि दुवै रोगबाट बच्ने एकमात्र उपाय लामखुट्टेको टोकाइबाट जोगिनु नै हो। डेंगु रोग नियन्त्रणका लागि कीटनाशक औषधि छर्ने, गाउँबस्तीमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, झुल वितरणजस्ता अभियान जारी राख्नु जरुरी देखिएको छ।

- सुरज ताम्राकार, भरतपुर, चीतवन।

बाढीपीडितको तत्काल उद्धार गर

अहिले देशका विभिन्न ठाउँमा बाढीको प्रकोपले जनतालाई दुखित बनाएको छ। तराईका विभिन्न जिल्लामा एक दर्जनभन्दा बढी मानिसले ज्यान गुमाएका छन् भने कतिपय घाइते भएका छन्। तरसरकारले कुनै पनि राहतका कार्यलाई अगाडि ल्याउन सकेको छैन। सरकार निर्दयीझैं टुलुटुलु हेरेर बसेको छ। यहाँका नेता चुनावी माहोलमा आगोभन्दा बढी तातिएर सो माहोल सफल बनाउँछन्। तर अहिले बाढीपहिरोले जनता त्रसित हुँदा सरकार र स्थानीय निकायका नेतागणहरूसमेत दुःख हेरेर बसेका छन्। के यो सरकार आफ्नो निजी स्वार्थका लागि मात्र बनाइएको हो ? हाम्रो सरकार आफ्नो सुखमा मात्र रमाउनका लागि बनेको हो त ? यदि त्यसो होइन भने अहिले विभिन्न जिल्लामा बाढीपीडितहरू के गर्ने, कसो गर्ने भनेर रुमलिरहेको अवस्थामा उनीहरूका लागि तुरुन्त उद्धार र राहतको व्यवस्था गरियोस्।

- प्रदीप भण्डारी, दाङ।

सामाजिक सञ्जाल

स्वास्थ्य र शिक्षा मालिकको जिम्मा, रेल भारत र चीनको जिम्मा, बजार तस्कर र बिचौलियाको जिम्मा, युवा र श्रम अरबको जिम्मा ! अनि कसो नपुगिएला त समृद्धिको बाटो हिँडेर समाजवादसम्म ?

Ramesh Adhikari
@rameshsmit

यदि नबोलेरै समस्याको समाधान हुने भए म जिन्दगीभर नबोलेर बस्ने थिएँ।

बबिता पोखेल
@BabitaPokharel

मलाई दुनियाँसँग होइन, आफैंसँग जितेर देखाउनु छ, किनकि खोज्यो भने लाग्छ- आफैंभित्र दुनियाँ छ।

Kp Khanal
@kepikhanal1